# भन्सार समाचार
# Customs News

*भन्सार र वातावरण : हाम्रो प्राकृतिक सम्पदाहरुको संरक्षण गरौं* ***(Customs and the environment : protecting our natural heritage)***

वर्ष - १ अङ्क- ३ | २०६५ साल चैत्र ( **March-April 2009)** | मासिक


## सम्पादकीय

भारत सरकारका केन्द्रीय अन्त:शुल्क तथा भन्सार वोर्डका अध्यक्ष पी.सी. झाको हालै भएको सद्भावना भ्रमणले नेपाल र भारत सरकारको भन्सार प्रशासनवीचको सम्बन्ध अझ सुदृढ गर्न ठोस सहयोग पुगेको छ। करीव १० पछि भएको केन्द्रीय अन्त:शुल्क तथा भन्सार बोर्डका अध्यक्षको भ्रमण आफैमा नेपालको भन्सार प्रशासनप्रति भारतीय भन्सार प्रशासनले देखाएको अनुपम सद्भाव हो।

नेपाल र भारतको भन्सार प्रशासनवीचको सम्बन्ध समग्र राजस्व प्रशासनको केन्द्र विन्दुमा रहने गरेको छ। यसका विविध कारण र आधारहरु छन्। नेपालको आन्तरिक राजस्व परिचालनमा भारतीय अन्त:शुल्क फिर्ताको अंश उल्लेखनीय रहदै आएको छ। सीमा क्षेत्रमा हुने अवैध व्यापार नियन्त्रण दुवै देशवीचको ठूलो चासोको विषय रहेको छ। खुल्ला सीमानाका कारणले भारतसंगको वैदशिक व्यापार  चुनौतीपूर्ण छ। भारतसंगको व्यापारले नेपालको कूल वैदेशिक व्यापारको ठूलो हिस्सा ओगटेको छ र भारतको द्रुततर आर्थिक वृद्धिको सन्दर्भमा नेपालको विकासमा भारतसंगको व्यापार सहजीकरणले ठूलो महत्व राख्दछ, जुन दुवै देशको सम्वन्धमा भर पर्दछ।

नेपाल र भारतको भन्सार प्रशासन वीचको सम्वन्धलाई सुदृढ गरी भन्सार प्रशासनको भूमिकालाई प्रभावकारी ढंगले निर्वाह गर्न दुवै देशका भन्सार प्रशासनवीच विभिन्न तहमा सहयोग र सद्भाव आदान प्रदान निरन्तर हुदैं आएको छ। भन्सार विभागका महानिर्देशक र भारतका राजस्व अनुसन्धान विभागका महानिर्देशकवीच प्रत्येक वर्ष हुने वैठक यसको उदाहरण हो।

यस सन्दर्भमा, अध्यक्ष झाको “भारत सरकार नेपाल सरकारको हित हुने हरेक विषयमा सहयोग गर्न तत्पर छ” भन्ने मन्तव्यले आगामी दिनहरुमा नेपाल र भारतको भन्सार प्रशासनवीचको सम्वन्ध अझ सुदृढ हुने विश्वास गर्न सकिन्छ। अध्यक्ष झाको यस सद्भावको आधारमा नेपालको भन्सार प्रशासनले राजस्व सुरक्षा, व्यापार सहजीकरण र अवैध सीमा व्यापार नियन्त्रणमा प्रभावकारी भूमिका खेल्न सकेमा अध्यक्ष झाको भ्रमणको सार्थकता रहने कुरामा द्विमत नहोला ।

## सदाचार पद्धति कठोरताकासाथ पालना गर्नु पर्ने : अर्थमन्त्री

अर्थमन्त्री डा. बाबुराम भट्टराईले मिति २०६५।१२।१३ गते वीरगञ्ज तथा सुख्खा बन्दरगाह भन्सार कार्यालयको निरीक्षण गर्नुभयो। निरीक्षण टोलीमा राजस्व सचिव, भन्सार विभागका महानिर्देशक र राजस्व अनुसन्धान विभागका महानिर्देशक समेत सम्मिलित हुनुहुन्थ्यो। निरीक्षणका क्रममा डा. भट्टराईले वीरगञ्ज भन्सार कार्यालयको जाँचपास क्षेत्र तथा जाँच पासका सबै चरणहरुमा पुगी कार्यप्रक्रियाबारे जानकारी लिनुभयो। वीरगञ्ज भन्सार कार्यालयका कर्मचारीहरुलाई निर्देशन दिने क्रममा डा. भट्टराईले भन्सार प्रशासनमा लागू गरिएको सदाचार पद्धतिको कठोरताकासाथ पालना गरी नयाँ नेपाल निर्माणकालागि सबै कर्मचारीरुको सहयोगको आवश्यकता रहेको मन्तव्य व्यक्त गर्नु भयो॥ यस क्रममा राजस्व सचिव कृष्णहरि बाँस्कोटाले भन्सार कर्मचारीलाई ईमान्दारीपूर्वक कार्य सम्पादन गर्न निर्देशन दिँदै लक्ष्य अनुसारको राजस्व असुली र भन्सार प्रशासनको छवी सुधारमा सदैव दत्तचित्त रहन निर्देशन दिनु भयो वहाले वीरगञ्ज भन्सार कार्यालयले गरेको उच्च स्तरको कार्य सम्पादनका लागि धन्यबाद समेत दिनु भयो।  प्रमुख भन्सार अधिकृत केवलप्रसाद भण्डारीले कार्यालयको कार्य सम्पादन, लक्ष्य तथा प्रगति लगायत कार्यालयले सामना गर्नु परेका अनेक समस्या र यसले कार्य सम्पादनमा पारेको गम्भीर प्रभावका सम्बन्धमा प्रकाश पार्दै कार्य सम्पादनलाई भय र हस्तक्षेप रहित तुल्याउन डा. भट्टराई समक्ष अनुरोध गर्नु भयो। यसै दिन आयोजित छुट्टै कार्यक्रमहरुमा भन्सार एजेण्ट तथा उद्योगपति एवं व्यापारीहरुले आ-आफ्ना धारणा, समस्या एवं सुझावहरु राखेका थिए। निरीक्षण टोलीले भविष्यमा निर्माणहुन गईरहेको नेपाल भारत एकीकृत जाँच केन्द्र Integrated Check Point को स्थलगत अवलोकन समेत गरेको थियो।



**अर्थ मन्त्री डा. बाबुराम भट्टराई, भन्सार विभागका महानिर्देशक श्री बोधराज निरौला एवं राजस्व अनुसन्धान बिभागका महानिर्देशक श्री टंकमणि शर्मा वीरगंज भन्सार कार्यालयको प्रस्तुतीकरण अभिरुचीपूर्वक ग्रहण गर्दै ।**

भन्सार समाचार
Customs News

प्रकाशक
भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं

प्रमुख सल्लाहकार
श्री बोधराज निरौला

सल्लाहकार
श्री डिकरदेव भट्ट
श्री कूल राज ज्ञवाली

प्रधान सम्पादक
श्री श्याम प्रसाद दाहाल

सम्पादक
श्री नीरद रेग्मी

मुद्रण
श्री सूचना प्रविधि तथा आधुनिकीररण शाखा,
भन्सार विभाग,
काठमाण्डौ।
फो नं. ४२५९७९१,
४२५९७९३
फ्याक्स: ४२५९८०
e-mail: it@customs.gov.np

# केन्द्रीय अन्तःशुल्क तथा भन्सार वोर्ड भारतका अध्यक्ष काठमाण्डौमा

भारतीय केन्द्रीय अन्तःशुल्क तथा भन्सार वोर्डका अध्यक्ष पि.सी.झाको नेतृत्वमा भारतीय प्रतिनिधिमण्डलले नेपालको केही दिनको सद्भावना भ्रमण सम्पन्न गरी यही चैत ५ गते भारत प्रस्थान गऱ्यो। अध्यक्ष झा नेपाल सरकारको तर्फबाट राजस्व सचिव कृष्णहरि बाँस्कोटाको निमन्त्रणा भ्रमणमा आउनु भएको हो।

भ्रमणको अवसरमा झाले अर्थमन्त्री डा.बाबुराम भट्टराई, अर्थ सचिव रामेश्वर प्रसाद खनाल, राजस्व सचिव कृष्णहरि बाँस्कोटा, भन्सार विभागका महानिर्देशक बोधराज निरौला लगायतका उच्च पदस्थ कर्मचारीहरुसंग भेट गर्नु भयो। उहाँले उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, चेम्वर अफ कमर्स र नेपाल भारत उद्योग वाणिज्य संघका पदाधिकारी लगायत उद्योगीहरुसंग समेत आपसी सहयोग र व्यापार सहजीकरणका विषयमा छलफल गर्नु भयो।

अध्यक्ष झाले नेपाल सरकारको यस आर्थिक बर्षको लक्ष्य अनुसारको डि.आर.पि.रकम फिर्ता दिने आश्वासन दिनु भयो। उहाँले भारतीय अन्तःशुल्कको पुराना वक्यौता सम्बन्धी समस्याहरु समाधान गर्न भारत तत्पर रहेको हुदा नेपालबाट एक टोली पठाई द्विपक्षीय प्रयासवाट यी समस्याहरु समाधान गर्नु पर्ने धारणा राख्नु भयो। उहाँले नेपालबाट निकासी हुने वस्तुहरुमा लाग्ने थप कर खारेज गरि सकिएको र चाँडै कार्यान्वयनमा आउने, भारतको मुर्तिया सीमा शुल्क चौकीको स्तरबृद्धि गरिएको हुदा मुर्तिया र गुलरीयाबीच व्यापार वृद्धि हुने विचार व्यक्त गर्नुभएको थियो। प्रस्थान गर्नु अघि नेपाल भ्रमणको क्रममा गरिएको आतिथ्यप्रति वहाँले नेपाल सरकार एवं अर्थमन्त्रालय प्रति हार्दिक कृतज्ञता व्यक्त गर्नु भयो।


अध्यक्ष झा लाई स्वागत गर्दै महानिर्देशक निरौला

अर्थमन्त्री डा. बाबुराम भट्टराईसँग को भेटको क्रममा डा. भट्टराईले नेपालतर्फको मेची भन्सार कार्यालयमा सुख्खा वन्दरगाह निर्माण भई रहेको सन्दर्भमा भारततर्फ पनि पूर्वाधार विकास हुनसकेमा नेपाल भारत एवं नेपाल बंगलादेशबीच हुने व्यापारमा सहजीकरण हुन गई दुवै देश लाभान्वित हुने विचार व्यक्त गर्नु भयो। उहाँले दुवै देशको व्यापार अभिवृद्धिका लागि सीमावर्ती भन्सार कार्यालयहरुको कार्य प्रक्रिया सरलीकरण र पूर्वाधार विकासमा समेत जोड दिनु भयो। अर्थ सचिव रामेश्वर प्रसाद खनालले दुवै देशको खुल्ला सीमानाका कारणले हुने अवैध कारोवारलाई नियन्त्रण गर्न दुवै देशका सीमावर्ती भन्सार कार्यालयका पदाधिकारीहरु एवं सो कार्यमा खटिएका दुवैतर्फका अन्य निकायहरुवीच आपसी समन्वय कायम राखिनु पर्ने आवश्यकता रहेको विचार व्यक्त गर्नु भयो। राजस्व सचिव कृष्णहरि बाँस्कोटाले दुवै देशको राजस्व प्रशासनवीच सुमधुर सम्वन्ध रहेको स्मरण गर्दै भारत सरकारले भन्सार प्रशासनको क्षमता अभिवृद्धि गर्न आवश्यक तालीम उपलब्ध गराउन र नेपाल भारत वीचको व्यापारलाई छिटो छरितो र सहज बनाउनु पर्ने विचार व्यक्त गर्नु भयो।

अध्यक्ष झा र भन्सार विभागका महानिर्देशक बोधराज निरौलाबीच द्विपक्षीय विषयहरुमा वार्तासम्पन्न भयो। वार्तामा विभागका विभिन्न शाखाका निर्देशक तथा अधिकृतहरु समेत सम्मिलित थिए। वार्तामा महानिर्देशक निरौलाले नेपाल र बंगलादेश बीचको व्यापार सरलीकृत गर्न नेपाली मालवाहक ढुवानी साधनहरुलाई बंगलादेशमा रहेको गोदाम सम्म सहज पहुचको सुबिधा प्रदान गरिनु पर्ने धारण राख्नु भएकोमा अध्यक्ष झाले यसमा भारत सरकारको विशेष ध्यान गएको जानकारी दिनुभयो । महानिर्देशक निरौलाले पश्चिम नेपालको प्रमुख भन्सार नाकाको रुपमा रहेको कञ्चनपुर भन्सार कार्यालयबाट हुने निकासी पैठारी शारदा व्यारेजको बाटोबाट हुने र सो व्यारेज निश्चित समयका लागि मात्र खुल्ने तथा व्यारेज ज्यादै पुरानो भएकाले भारवहन क्षमता कम भै निकासी पैठारी प्रभावित भएको अवस्थामा सो मार्गको सट्टा बनबासा ब्रम्हदेव मण्डी मार्ग उपयोग गरी निकासी पैठारीलाई सहज गराउनु अत्यावश्यक रहेको, दुई देशवीचको भन्सार जाँचपास लाई एकरुपता कायम गरी व्यापार सहजीकरण गर्न दुबै तर्फको सीमावर्ती भन्सार कार्यालयहरुमा कम्प्यूटरकृत गरी Electronic Data Interchange (EDI) को सुविधा विस्तार गर्नुपर्ने, नेपाल भारतका केही भन्सार कार्यालयहरुको स्तरोन्नती गरिनु पर्ने, कलकत्ता पोर्ट हुदै नेपालमा पैठारी हुने मालवस्तुहरु छिटो छरितो रुपमा क्लियरेन्स गर्न छनौटमा आधारित जाँचपास प्रणाली (Selectivity Module) लागू गर्नुपर्ने धारणा राख्नु भयो। उहाँले नेपालको भन्सारका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न भारतमा भंसार सम्बन्धी आवश्यक तालिमको व्यवस्था गरी दिन अनुरोध गर्नु भयो। अध्यक्ष झाले नेपाल सरकारको तर्फवाट व्यक्त धारणाहरु प्रति आफू सकारात्मक रहेको वताउनु भयो।

**“Complete adaptation to environment means death.” Mahatma Gandhi**

# भन्सार प्रशासनमा सकारात्मक परिवर्तनको सङ्केतः लगातार तराई बन्दको बाबजुद लक्ष्य अनुसार राजस्व सङ्कलन

कठिन र प्रतिकूल परिस्थितिहरुको वावजुद भन्सार प्रशासन फागुन महिनामा लक्ष्य अनुसारको राजस्व सङ्कलन गर्न सफल भयो। भन्सार प्रशासनको कूल कूल राजस्व लक्ष्यको ९१ प्रतिशत अंश नेपाल भारत सिमानामा अवस्थित तराई भन्सारहरुको रहेको छ। फागुन महिनामा भएको लगातारको तराई वन्दको बावजुद फागुन महिनामा भन्सार प्रशासनबाट सङ्कलन गरिएको मुख्य शिर्षक अर्न्तगतको कूल राजस्व गत वर्षको सोही महिनाको राजस्व सङ्कलनको तुलनामा ३४.४७ प्रतिशतले बृद्धि भएको छ। सो राजस्व अर्थात फागुन महिनाको भन्सार, मूल्य अभिबृद्धि कर र अन्तःशुल्क लक्ष्यको अनुपातमा १०३.५३ प्रतिशत सङ्कलन भएको छ। भन्सार विभागले यस उपलब्धिलाई भन्सार को आधुनिकिरण र सुधार प्रकृया, सदाचार पद्यतिमा सुधार गर्न गरिएको प्रयास तथा प्रशासनमा गरिएको पारदर्शिताको बृद्धिको परिणामको रुपमा मूल्याङ्कन गरेको छ।

## फागुन माहिनाको राजस्व असुलीः

फागुन महिनाको भन्सार राजस्वको लक्ष्य रु. २ अर्व २३ करोड ३ लाख ९६ हजार रहेकोमा रु.१ अर्व ९० करोड ३८ लाख ६३ हजार राजस्व सङ्कलन भएको ( लक्ष्यको अनुपातमा ८५.२६ प्रतिशत) छ। फागुन महिनाको भन्सार, मूल्य अभिवृद्धि कर र अन्तशुल्कको लक्ष्य रु. ४ अर्व ७० करोड ४८ लाख ५३ हजार रहेकोमा रु. ४ अर्व ८७ करोड ७ लाख ८४ हजार राजस्व सङ्कलन (लक्ष्यको अनुपातमा १०३.५३ प्रतिशत) भएको छ। सो महिनाको भन्सार, मूल्य अभिवृद्धि कर र अन्तशुल्कको असुली गतवर्षको माघ महिनाको तुलनामा ३४.४७ प्रतिशतले वृद्धि भई रु.३ अर्व ६२ करोड २१ लाख ७ हजार बाट रु. ४ अर्व ८७ करोड ७ लाख ८४ हजार सङ्कलन भएको छ।

## फागुन माहिनासम्मको राजस्व असुलीः

फागुन महिनासम्मको भन्सार, मूल्य अभिवृद्धि कर र अन्तशुल्कको लक्ष्य रु.३५ अर्व १६ करोड २१ लाख ६५ हजार रहेकोमा रु. ३८ अर्व ४४ करोड ४६ लाख ६ हजार राजस्व सङ्कलन भएको (लक्ष्यको अनुपातमा १०९.३४ प्रतिशत) छ। फागुन महिनासम्मको भन्सारको लक्ष्य रु.१६ अर्व १८ करोड ७८ लाख ९१ हजार रहेकोमा रु. १५ अर्व ३२ करोड ६९ लाख १३ हजार राजस्व सङ्कलन भएको (लक्ष्यको अनुपातमा ९४.६८ प्रतिशत) छ। भारतीय अन्तःशुल्क फिर्ता तर्फ रु. ३ अर्बको लक्ष्य तोकिएकोमा हालसम्म रु. १ अर्ब ६६ करोड ४८ लाख फिर्ता प्राप्त भई बार्षिक लक्ष्यको ४६ प्रतिशत फिर्ता भएको छ। भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको फागुन महिनासम्मको सङ्कलन गत वर्षको तुलनामा २४.१० प्रतिशतले वृद्धि भएको छ।

उपर्युक्त राजस्व सङ्कलनका अतिरिक्त स्थानीय विकास शुल्क १ अर्व ९६ करोड ८६ लाख र सडक सुधार दस्तुर वापत करीव ४३ करोड सङ्कलन गरी कूल २ अर्व ३९करोड ८६ लाख समेत सङ्कलन गरिएको छ।

### बार्षिक लक्ष्यको अनुपातमा असुलीः

भन्सार, मूल्य अभिवृद्धि कर र अन्तशुल्कको बार्षिक लक्ष्य ५५ अर्व ८५ करोड रहेकोमा फागुन महिना सम्ममा रु. ३८ अर्व ४४ करोड ४६ लाख ६ हजार राजस्व सङ्कलन भई ६८.८३ प्रतिशत लक्ष्य हासिल भएको छ। बाँकी ४ महिनाको अवधिको लक्ष्य रु.२० अर्व ६८ करोड ७८ लाख रहेकोमा बार्षिक लक्ष्य पुरा गर्न रु.१९ अर्व ८० करोड ५० लाख सङ्कलन गर्नुपर्ने देखिन्छ। आगामी चैत्र महिनामा भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कसमेत को लक्ष्य रु. ५ अर्व १७ करोड १९ लाख ५३ हजार रहेमा हालसम्मको स्थिति विश्लेषण गर्दा बन्दहडताल नभएमा लक्ष्य पूराहुने देखिएको छ।

## आ.ब. २०६४।०६५ र २०६५।०६६ फागुन महिना को कार्यालयगत तुलनात्मक राजस्व असूली बिवरण

(भन्सार महशुल, मू.अ.कर र अन्तशूल्क) (रु. हजारमा)

| भन्सार कार्यालय | २०६४।६५ | २०६५।६६ | | | |
|---|---|---|---|---|---|
| | फागुन महिनाको असुली | फागुन महिनाको लक्ष्य | फागुन महिनाको असुली | लक्ष्यमा असुली प्रतिशत | गत आ.ब को सोही महिनाको असुलीको तुलानामा प्रतिशत |
| मेची भं.का | 126347 | 118236 | 118846 | 100.52 | 94.06 |
| विराटनगर भं.का. | 301260 | 530099 | 553004 | 104.32 | 183.56 |
| वीरगन्ज भं का. | 1535052 | 2383010 | 2537304 | 106.47 | 165.29 |
| सुख्खा बन्दरगाह भं. का. | 221341 | 327348 | 396939 | 121.26 | 179.33 |
| भैरहवा भं.का. | 469606 | 549295 | 380217 | 69.22 | 80.97 |
| नेपालगन्ज भं.का. | 79712 | 102126 | 122813 | 120.26 | 154.07 |
| त्रि.वि. स्थल भं.का. | 169023 | 174391 | 217341 | 124.63 | 128.59 |
| तातोपानी भं.का. | 91438 | 139057 | 129290 | 92.98 | 141.40 |
| **जम्मा** | **3063070** | **4415503** | **4540796** | 102.84 | 148.90 |
| भारतीय अन्तःशुल्क फिर्ता | 304151 | 266603 | | | |

**अरुलाई आचरण पालनाको आदेश दिने धेरै हुन्छन, तर त्यही आचरणको अवलम्बन गर्ने थोरै हुन्छन–तुलसीदास**

## फागुन महिनासम्मको कार्यलयगत राजस्व सङ्कलन

(रु. हजारमा)

| | भन्सार राजस्व | | | | भन्सार, मूल्य अभिवृद्धि कर र अन्तशुल्क | | |
|---|---|---|---|---|---|---|---|
| भन्सार कार्यालय | लक्ष्य | असुली | गत बर्षको तुलनामा प्रगति % | लक्ष्यको तुलनामा प्रगति % | लक्ष्य | असुली | गत बर्षको तुलनामा प्रगति % |
| वीरगंज | 7200118 | 6976113 | 122.56 | 97 | 17948496 | 18557090 | 126.19 |
| भैरहवा | 1820782 | 1541784 | 112.31 | 85 | 3869371 | 3616966 | 113.52 |
| बिराटनगर | 1502601 | 1258539 | 130.17 | 86 | 3715036 | 3474260 | 115.34 |
| सुख्खा बन्दरगाह | 1252278 | 1261718 | 154.21 | 101 | 2768698 | 3036501 | 152 |
| नेपालगंज | 333460 | 401009 | 128.41 | 120 | 742973 | 917463 | 136 |
| तातोपानी | 688660 | 590998 | 133.64 | 86 | 1079325 | 1116426 | 132.45 |
| त्रि.बिमानस्थल | 559988 | 640350 | 155.84 | 114 | 1457402 | 1935139 | 162.81 |
| मेची | 440582 | 446000 | 134.88 | 101 | 878157 | 853357 | 121 |

## विराटनगर भन्सार चोरी पैठारी नियन्त्रणमा सक्रियः कार्यालय प्रमुख स्वयं गस्तीमा

नेपाल भारतबीचको खुला सिमानाको फाईदा उठाउँदैं तस्करहरु चोरी पैठारीमा सक्रिय भएको चर्चाका साथै विराटनगर भन्सार कार्यालयले गस्ती परिचालन तिव्र तुल्याएको छ। यस क्रममा फगुन १३ गते मध्यरातमा प्रमुख भन्सार अधिकृत मित्रलाल रेग्मीको नेतृत्वमा भन्सार कर्मचारीहरुको एक टोली गस्तीमा परिचालन भएको थियो। गस्ती टोलीले सुनसरीको दुहबी इनरुवा राजमार्ग खण्डको औराबती भन्ने स्थानमा करीव रु. १ लाख ६८ हजार मूल्य बराबरको ६० क्वीन्टल भारतीय चिनी चोरी पैठारी गर्दाकै अवस्थामा बरामद गऱ्यो। रातको २ वजे सो चिनी भन्सार लैजाने क्रममा तस्करहरुबाट निकै अवरोध सिर्जना गरिएको भन्सार प्रमुख रेग्मीले बताउनु भयो।

## अँधेरीमा अस्थायी भन्सार चेकपोष्ट स्थापना

सिन्धुपाल्चोक जिल्लाको माखा गा.वि.स को अँधेरी भन्ने स्थानमा अस्थायी भन्सार चेकपोष्ट स्थापना गरिदैछ। तातोपानी भन्सार कार्यालयको मातहत रहने सो चेकपोष्ट राजपत्रांकित अधिकृतको मातहतमा सशस्त्र प्रहरी सहित ५१ जना कर्मचारीको टोलीबाट सञ्चालित हुनेछ।

चेकपोष्ट स्थापनाको लागि सो स्थानमा पहिले पनि छोटी भन्सार कार्यालय रहेको र पुनः सो स्थानमा भन्सार चेक पोष्ट राखिएमा कोदारी राजमार्ग हुदै चोरी पैठारी गर्नेहरु निरुत्साहित हुने र राजस्व असुलीमा अनुकूल प्रभाव पर्ने कारण देखाई तत्काल भन्सार चेकपोष्ट स्थापनाको लागि तातोपानी भन्सार कार्यालयवाट अनुरोध भई आएको तथा सो मा विभागबाट तत्काल कारवाही अगाडि बढाई स्थायी चेकपोष्ट स्थापनाको लागि नेपाल सरकार (मन्त्री स्तर) को मिति २०६५ साल फागुन १६ को निर्णय अनुसार सो चेकपोष्ट स्थापना गरिन लागिएको छ। तातोपानी भन्सार कार्यालयवाट चोरी निकासी पैठारी नियन्त्रणमा चालिएको कडा कदमको परिणामस्वरुप केही व्यक्तीले भन्सारको मार्गवाट सामान नल्याई बाटो नै नभएको जंगलको क्षेत्रवाट कोदारी, चाकु लार्चा सम्म सामान ल्याएर डोरीको सहायताले भोटेकोशी तारी चोरी पैठारी गर्ने गरेका थिए। चेकपोष्ट स्थापनाले तातोपानी भन्सार कार्यालयको कार्यक्षेत्रबाट चोरी निकासी पैठारी धेरै हदसम्म नियन्त्रण हुने विश्वास लिईएको छ।

## अर्थमन्त्रीबाट भन्सार प्रमुखहरुलाई सदाचार पद्धति अवलम्वन गर्न कडा निर्देशन

नेपालका दश प्रमुख भन्सार कार्यालयहरूका कार्यालय प्रमुखहरुको काठमाडौंमा हालै सम्पन्न भयो। यस क्रममा कार्यालय प्रमुखहरुले अर्थमन्त्री डा. बाबुराम भट्टराई, राजस्व सचिव कृष्णहरि बाँस्कोटा, सहसचिव लालमणि जोशी र भन्सार विभागका महानिर्देशक बोधराज निरौलाबाट निर्देशन समेत प्राप्त गरेका थिए।

अर्थमन्त्रालयको सभाकक्षमा भएको कार्यक्रममा प्रमुख दश भन्सार कार्यालयका कार्यालय प्रमुखहरूले आफ्नो कार्यालयको प्रगति र आगामी दिनको रणनीतिका विषयमा अर्थमन्त्री समक्ष प्रस्तुतीकरण गरेका थिए। अर्थमन्त्री भट्टराईले मन्तव्यका क्रममा चालू आर्थिक वर्षको राजस्व असुली उत्साहजनक भएकाले सबै कार्यालय प्रमुखहरूले बाँकी अवधिको राजस्व सङ्कलन लक्ष बमोजिम गर्न दत्तचित्त रहनु पर्ने विचार व्यक्त गर्नु भएको थियो। उहाँले नयाँ नेपाल निर्माणको अभियानमा भन्सार कार्यालयका कर्मचारीहरू सदाचारमा कायम रहनको विकल्प नभएकोले त्यस तर्फ सबै कर्मचारीहरू सचेत रहन निर्देशन दिनु भएको थियो। यस अघि एक अलग कार्यक्रममा भन्सार विभागको सभाकक्षमा राजस्व सचिव बाँस्कोटाले अर्थमन्त्रालय राजस्व प्रशासनमा रहेको विकृतिलाई निर्मूल गर्ने दृढताका साथ अघि बढि रहेको अवस्थामा सबै कर्मचारीहरूले सदाचार पद्धतिलाई अङ्गीकार गरी शिर ठाडो पारेर कार्यसम्पादन गर्न निर्देशन दिनु भयो। उहाँले हाल सम्म को राजस्व सङ्कलन उत्साहप्रद रहेकोमा सन्तोष व्यक्त गर्नु भयो।

राजस्व महाशाखाका सहसचिव लालमणि जोशीले कार्यालय प्रमुखहरू को गोष्ठी उपयुक्त समयमा भएको र यसबाट कार्यालयको समस्या समाधान गर्न ठूलो सहयोग पुग्ने विचार व्यक्त गर्नु भयो। भन्सार विभागका महानिर्देशक निरौलाले चैत्र महिना देखि राजस्वको लक्ष्य अघिल्ला महिनाहरुमा भन्दा बढी रहेकाले सबै कार्यालयहरूले थप प्रयास गर्न निर्देशन दिनु भयो। उहाँले गोष्ठीमा आफ्ना कार्यालयका समस्याका विषयमा खुलेर छलफल गर्ने र निकास निकाल्ने गरी सहभागी भए मा गोष्ठी सार्थक हुने मन्तव्य व्यक्त गर्नु भयो। यसै क्रममा भन्सार विभागका निर्देशकहरूले समेत मन्तव्य व्यक्त गर्नु भयो।

**"The course of true love never did run smooth". Shakespeare**

# अर्थमन्त्रीबाट विराटनगर भन्सार कार्यालय निरीक्षण

अर्थमन्त्री डा. बाबुराम भट्टराईबाट चैत्र १७ गतेका दिन विराटनगर भ्रमणको सिलसिलामा विराटनगर भन्सार कार्यालयको निरीक्षण सम्पन्न भयो। निरीक्षणका क्रममा अर्थमन्त्रीबाट कार्यालयका शाखागत कार्यहरु, भन्सार यार्ड, गोदाम, यात्रु तथा गेट शाखा समेतको निरीक्षण भयो। सोही क्रममा कार्यालयको यात्रुशाखाबाट पश्चिम उत्तर तर्फ रहेको नेपाल भारत सीमाक्षेत्रमा लगाइएको पर्खाल (भत्केको पर्खाल) समेत निरीक्षण गरी उक्त क्षेत्रबाट समेत हुने अनधिकृत व्यापार एवं समग्र चोरी पैठारी नियन्त्रण/रोकथामका लागि कर्मचारीहरुलाई सजग रहन निर्देशन दिनु भयो। साथै भत्केको पर्खाल एवं दशगजा क्षेत्रमा भएको अतिक्रमण हटाउन स्थायी समाधानका लागि स्थानीय एवं केन्द्रीय तहबाट समेत पहल हुनु पर्ने जानकारी दिनु भयो।निरीक्षणको क्रममा प्रमुख भन्सार अधिकृतबाट चालु आ. ब. को प्रस्तुत अवधिसम्मको प्रगति विवरण प्रस्तुत गरिएको र सो पश्चात मन्त्रीबाट कर्मचारीहरूलाई निर्देशन दिनु भयो।

प्रोत्साहन प्रणाली

# कार्यसम्पादनमा सुख्खा वन्दरगाह अगाडि

२०६५ साल फागुन महिनाको कर्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता गणनामा सुख्खा वन्दरगाह भन्सार कार्यालय सवै भन्दा वढी भत्ता प्राप्त गरी सवै भन्सार कार्यालय भन्दा अगाडि देखिएको छ। राजस्व सङ्कलन परिसूचक तथा कार्यगत राजस्व सङ्कलन परिसूचकहरु समेतको आधारमा सो कार्यालय अगाडि देखिएको हो। राजस्व सङ्कलन अन्तरगत ६ वटा र अन्य विभिन्न २२ वटा गरी जम्मा २७ वटा परिसूचकहरु उक्त कार्यालयको लागि तोकिएका छन। उल्लिखित परिसूचकहरुमा राजस्व वापतका ५ वटा तथा अन्य १७ वटा परिसूचक वापतको जम्मा २०० प्रतिशतमा १५५ प्रतिशत भत्ता प्राप्त गर्न उक्त कार्यालय सफल भएको छ। यस अघि पौष महिनामा पनि यो कार्यालय १५९ अङ्क सहित प्रथम स्थानमा रहन सफल भएको थियो।

२०६५ साल फागुन महिनाको भत्ता गणना गर्दा १५३ प्रतिशत भत्ता सहित नेपालगन्ज दोश्रो तथा १४६ प्रतिशत भत्ता सहित त्रि.वि.भन्सार र कन्चनपुर भन्सार कार्यालय तेश्रो स्थानमा रहेका छन। प्रोत्साहन भत्ता प्राप्तगर्ने अन्य कार्यालयहरु मा कृष्णनगर (१४४।९%), जलेश्वर (१३५%), जनकपुर (( १३२%), राजविराज (१३०%), पशुपतिनगर र सर्लाही ( ११९%), सिराहा (११५%), महाकाली (११०%), विराटनगर ( ९६.६४%), वीरगन्ज (९४.४%), मेची (९१.१%), तातोपानी ( ५०.३५%), भैरहवा (२०%), कैलाली (१९%) रहेका छन्। राजापुर, कोईलावास र गौर भन्सार कार्यालयहरुले भने परिसूचक बमोजिमको प्रगति विवरण पठाएका छैनन।

सुनसरी भन्सार कार्यालय १६ प्रतिशत भत्ता प्राप्त गरी सवै भन्दा पछाडी रहन गएको छ । यस कार्यालयमा समेत अन्य कार्यालयको जस्तै राजस्व सङ्कलन अन्तरगत जम्मा २०० प्रतिशत मध्ये ११० प्रतिशत अङ्क छुट्याईएकोमा कोशी वाध भत्की बाटो अबरुद्ध भएको कारणले उक्त कार्यालयको हालसम्मकै लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेको र अन्य परिसूचकहरु मध्ये पनि बेरुजू फछर्यौट, पी.सी.ए., न्यून विजकिकरणको सामान खरिद, मूल्य बृद्धिवाट प्राप्त राजस्व आदि परिसूचकको लक्ष्य प्राप्त हुन नसकेको हुदा फागुन महिनामा उक्त कार्यालयल कार्यसंपादनमा पछाडी परेको हो।

# भन्सार गस्ती र तस्करहरुबीच दोहोरो फायरिङ : प्रहरी हवल्दार गम्भीर घाइते

मिति २०६५।१२।०९ गते सशस्त्र प्रहरी बल राजस्व एवं भन्सार गस्ती सुरक्षा वेश वीरगञ्जले स्थानीय इनरुवा क्षेत्रबाट माल वस्तु चोरी पैठारी भैरहेको भन्ने प्राप्त सूचनाको आधारमा गस्ती गर्दै जाँदा लत्ता कपडा लगायतका अन्दाजी रु. १,३९,६००।- मूल्य बराबरका घरायसी माल वस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गरेको छ। उक्त मालवस्तु पक्राउ गर्ने क्रममा दोहोरो फायरिङ समेत भएको थियो। चोरी पैठारी गर्ने समूहबाट भएको ईंटाढुंगाको प्रहारबाट सशस्त्र वरिष्ठप्रहरी हवल्दार कृष्णकन्हैया दास गम्भीर रुपमा घाईते भई निजको स्थानीय अस्पतालमा उपचार हुन नसकी निजलाई उपचारका लागि काठमाण्डौं ल्याईएको छ। यस घटनामा चोरी पैठारी गर्ने समूहमा संलग्न ना. ३ प २८२५ नं. को हिरो होण्डा स्प्लेण्डर मोटर साईकल समेत पक्राउ गरी आवश्यक कानूनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाईएको छ। ससस्त्र जवानहरुको सहाशिक कार्यबाट चोरी पैठारी नियन्त्रणमा ठूलो उर्जा प्राप्त भएकोछ।

# सिलबन्दी कन्टेनरबाट मालवस्तु ढुवानी गर्ने व्यवस्थाको म्याद थपियो

काठमाण्डौं उपत्यका अन्तिम गन्तव्य भई भैरहवा, वीरगन्ज, विराटनगर र मेची भन्सार कार्यालयको बाटो गरी पैठारी हुने सामानहरु चैत्र १ गतेदेखि अनिवार्य रुपमा सिलबन्दी कन्टेनरमा मात्र ढुवानी गर्न पाउने व्यवस्था आगामी वैशाख १ गतेसम्मको लागि स्थगित गरिएको छ। वैशाख २ गतेदेखि सो व्यवस्था अनिवार्यरुपमा लाग हुने छ। सिलबन्दी ढुवानीको यस व्यवस्थाले भन्सारको कार्यक्षेत्रमा अन्य निकायहरुको अनावश्यक र अस्वस्थ हस्तक्षेपको अन्त्य भई व्यापार सहजीकरण बृद्धि हुने, चोरी पैठारी नियन्त्रणमा प्रभावकारिता आउने विज्ञहरुको राय रहेको छ। यस व्यवस्थाबाट भन्सारबाट जाँचपास भएका मालवस्तु बोकेका कन्टेनरमा भन्सार कार्यालयले सिल लगाउनेछ। सिलबन्द भएको कन्टेनरलाई चोरी पैठारीको आशंकामा बीच वाटोमा रोक्नुको सट्टा अन्तिम गन्तव्यमा पुगेपछि मात्र रोकी वा नियन्त्रणमा लिइ सो को ७२ घण्टाभित्र जाँच सम्पन्न गरिसक्नु पर्ने र सो कार्य पनि अधिकार प्राप्त निकायवाट मात्र गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ।

चालू आर्थिक वर्षको बजेट वक्तव्यमा "आगामी ६ महिनाभित्र वीरगन्ज, भैरहवा, विराटनगर, र मेची भन्सार कार्यालयको बाटो गरी पैठारी हुने सामानहरु भन्सार कार्यालयवाट सिलवन्दी कन्टेनरमा मात्र ढुवानी गर्न पाउने व्यवस्था मिलाइने छ" भन्ने उल्लेख भएअनुसार चैत्र १, २०६५ सालदेखि काठमाडौं उपत्यका अन्तिम गन्तव्य भएका मालवस्तुहरु भन्सार कार्यालयहरुबाट जाँचपास गरिसकेपछि अनिवार्य रुपमा सिलवन्दी कन्टेनरमा मात्र ढुवानी गर्नुपर्ने सूचना भन्सार विभागले २०६५।९।१५ मा गोरखापत्रमा प्रकाशित गरेको थियो। हालैको वन्दहड्तालको कारणले ढुवानी व्यवसायीहरुले आवश्यक पूर्व तयारी गर्न नसकेको कारण उक्त व्यवस्थालाई २०६६ साल वैशाख २ गते देखि लागू गर्ने गरी एक महिनाको म्याद थप गर्ने सम्वन्धी सूचना हालै भन्सार विभागले जारी गरेका छ।

**There is nothing either good or bad, but thinking makes it so. *Shakespeare***

# सुधार कार्यक्रम तीव्र : नेपालगञ्ज भन्सार कार्यालय


कार्यालय प्रमुख कृष्ण पौडेल

माघ महिनामा कार्यसंपादन परिसूचकहरुको आधारमा कार्यसंपादनमा प्रथम हुने नेपालगञ्ज भन्सार कार्यालयका कार्यालय प्रमूख श्री कृष्ण पौडेललाई विभागको तर्फवाट यस समाचार पत्रका सम्पादन समूहबाट बधाई दिदै वहाँ संग सो सन्दर्भमा एक अन्तरवार्ता लिईएको थियो जसलाई यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको छ।

**कार्यालय कार्यम्पादनमा प्रथम भएकोमा यहाँको प्रतिकिया के छ?**

उत्तर : यो टिम वर्क हो, सवै कर्मचारीहरुको मेहनत र लगनशीलताको फल हो भन्ने मैले एकातिर सम्फेको छु भने अर्को तर्फ थप जिम्मेवारीको बोध भएको पनि सम्फेको छु। कारण अर्को महिनामा पनि उत्कृष्ठ हुनु पर्छ भन्ने भावना जागृत भई मनोवल समेतमा बृद्धि हुने सम्फेको छु।

**चालू वर्षको बाँकी अवधिमा लक्ष्य पूरा हुनेमा कत्तिको विस्वस्त हुनुहुन्छ?**

यसमा म विश्वस्त छु। किनकी मेरो कार्यकालमा यस कार्यालयको विगत दुई आर्थिक वर्षको तथा चालू बर्षमा हालसम्मको लक्ष्य पूरा भएको छ। त्यो हुनुमा सवै कर्मचारीहरुको मनोवल उच्च हुनु हो। त्यस्तै मन्त्रालय, विभागवाट प्राप्त सहयोग हौसलालाई पनि मैले लिएको छु। जस्तै चुहावट नियन्त्रण समाधान तर्फ हेर्दा विसौं वर्षदेखि यात्रु शाखा एक किलोमिटर दूरीमा थियो, फलस्वरुप राजस्व चुहावट हुने प्रवल सम्भावना थियो र भईराखेको थियो, भन्सार तिर्छु भनी माल अन्ततिर नै विचलन हुन्थ्यो। सचिव रामेश्वर खनाल ज्यू बाट यात्रु शाखा बोर्डर जमुनामा नै भवन वनाई सार्नुस् र यसको लागि आवश्यक वजेट माग गर्न निर्देशन भए बमोजिम मैले यही कार्तिक १ गते देखि यात्रु शाखा जमुनाबाट नै सञ्चालन गरी सामान विचलन हुनेबाट वचाए। यस वाट पनि चोरी निकासी पैठारी नियन्त्रण तर्फ ठूलो योगदान पुगेको मैले मात्र महशुस नगरी नेपालगञ्ज उद्योग वाणिज्य संघले पनि महशुस गरेको व्यापार सहजीकरणको वैठकमा व्यक्त भएको छ।

**सुधारका कार्यक्रम कसरी अघि बढेका छन?**

यो भन्सार तेश्रो मुलुकसँगको व्यापार बिन्दु भएता पनि सम्पूर्ण आयात निर्यात भारतसँग मात्र हुन्छ भने पनि हुन्छ। त्यसै सुधारका कार्यक्रम सम्बन्धमा यात्रु शाखा निर्माण गरी वोर्डरमा नै स्थापना गर्नु, वर्षौ देखि कार्यालय परिसरमा रहेका सवारीसाधनहरु आदीको निर्णय गरी राजस्व असुल्नु, चोरी पैठारी वाट प्राप्त भएको मोटर, मोटर साइकल आदि सामानको मूल्याङ्कन गरी लिलामको लागि सूचना निकाल्दै जानु, कुनै पनि सामान तुरुन्तै अर्थात २ घण्टा भित्रै जाँचपास गरिदिनु यस्ता वीसौं उदाहरणहरु छन, जसवाट नै सुधार भई गएर विगत अढाइ वर्ष देखि लक्ष्य अनुरुप प्रगति हुनु त्यसको ज्वलन्त उदाहरण हो।

**आगामी दिनमा के कस्ता चूनौतीहरु देख्नु भएको छ?**

राजस्व उठाउने कार्य नै चुनौतीपूर्ण कार्य हो जसको प्रत्येक पल पलमा समस्या र चुनौतीहरु वहन गर्नु पर्दछ। तर पनि चुनौती त्यसवाट नभागी डटेर मुकाबिला गरी लक्ष्य अनुरुप प्रगति हाँसिल गर्ने हाम्रो लक्ष्य भएकोले जस्तो सुकै चुनौतीहरु आई परे पनि हामी समाधान गर्न सक्षम छौ।

**प्रोत्साहन प्रणालीका परिसूचकहरु सम्बन्धमा यहाँको प्रतिकियाके रहेको छ?**

यस सम्बन्धमा यस कार्यालयको मत केही फरक छ। त्यसका विभिन्न परिसूचकहरु छन जसमध्ये केही यस कार्यलयबाट हुने कारोवारसंग असम्वन्धित छन जसवाट सो वापत प्राप्त हुने अङ्क छुट भएको देखिन्छ। अर्को उदाहरणको रुपमा वेरुजू फछर्यौट सम्बन्धी कुरालाई लिन सकिन्छ, नेपालगञ्ज भन्सार कार्यालयको स्थापनाकालदेखि हालसम्म वास्तविक कूल वेरुजू एक डेढ लाख भन्दा बढी नहोला तर जुन फर्छौट नै हुन सक्दैन र फर्छौट नभएपछि नम्बर पाईदैन। त्यस कारण यस सम्वन्धमा हाम्रो सुफाव के छ भने केही नम्वर पुराना फछर्यौट नहुने खालको लागि राखे पनि मूलत महालेखा परीक्षकवाट अन्तिम लेखा परीक्षण गर्दा कति वेरुजू निकालेको छ र त्यो आधारमा कति प्रतिशत फछर्यौटगरेको छ लाई आधार मानेर त्यसमा अलि धेरै नम्वर राख्नु पर्दछ। मैले यस कार्यलयको अन्तिम लेखा परीक्षण तिन आर्थिक वर्षको गराए तर एक पैसा वेरुजु निस्केको छैन। गत आ.व. मा अन्तिम लेखा परीक्षणमा आयल निगमतर्फ बीमा तर्फवाट निस्केको वेरुजु रु.५२९००० छ जुन यस कार्यालयमा मात्र नभएर धेरै जसो कार्यालयको ठूलो वेरुजु अङ्क भएकोले केन्द्रवाट नै आउछ भनेर असुल नभएको, जुन सरकारी स्वामित्वको सस्था भएकोले र नदिए तुरुन्तै इन्धन रोकी वेरुजु फछर्यौटहुन सक्दछ। मेरो मुख्य सुफाव लेखा परीक्षणमा वेरुजु छैन भने त्यस वापत नम्वर पाउने व्यवस्था हुनु पर्दछ भन्ने रहेको छ।

# समन्वयकर्ता एवं निरीक्षण पदाधिकारी तोकियो

भन्सार विभाग अर्न्तगतका जिल्ला स्थित कार्यालयहरुको नियमित रुपमा निरीक्षण गरी प्रतिवेदन पेश गर्ने तथा सो कार्यालयहरुका समस्याहरुको यकिन गरी निराकरणका लागि राय सुफावहरु समेत उपलब्ध गराई समन्वयकर्ताको भूमिका निर्वाह गर्नको लागि विभागवाट पदाधिकारीहरुलाई जिम्मेवारी तोकिएको छ। सो अनुसार केही पदाधिकारीहरु आफूलाई तोकिएको कार्यालय निरीक्षणको लागि जिल्ला तर्फ प्रस्थान गरिसक्नु भएको छ।

उल्लिखित जिम्मेवारी निर्वाहको लागि यसभन्दा अगाडी सम्पूर्ण जिल्लास्थित कार्यालयहरुलाई ४ क्षेत्रमा विभाजन गरी ४ जना निर्देशकहरुलाई सो जिम्मेवारी तोकिएको थियो। यसरी तोकिएको आफू मातहतका कार्यालयहरु निर्देशक आफैले तथा अन्य मातहत अधिकृतहरु खटाएर कार्यसम्पादन गर्ने गरिएको थियो। अवको नयाँ कार्यविभाजनमा निर्देशक तहको लागि बढीमा ३ वटा कार्यालय तथा अधिकृत तहको लागि एक-एक वटा कार्यालय मात्र तोकिएको हुदा प्रत्येक पदाधिकारी व्यक्तिगत रुपमा उत्तरदायी भई कार्यसम्पादनमा बढी कुशलता देखा पर्ने महानिर्देशकको धारणा रहेको छ।

उपर्युक्त नयाँ कार्य विभाजन निम्न अनुसार रहेको छ।

**"The course of true love never did run smooth". Shakespeare**

१.निर्देशक लावण्य कुमार ढकाल - मेची तथा विराटनगर भन्सार
२.निर्देशक शरदकान्त अधिकारी - नेपालजञ्ज, त्रि.वि.र तातोपानी भन्सार
३. निर्देशक श्याम प्रसाद दाहाल - भैरहवा भन्सार कार्यालय
४. निर्देशक डिकरदेव भट्ट - वीरगन्ज र सुख्खा बन्दरगाह भन्सार कार्यालय
५ निर्देशक रामहरि अर्याल - कृष्णनगर भन्सार कार्यालय
६. सि.डि.के.राकेश कुमार त्रिपाठी - जनकपुर भन्सार कार्यालय
७. शाखा अधिकृत गणेश अर्याल - पशुपतिनगर भन्सार कार्यालय
८. शाखा अधिकृत सेवन्तक पोखरेल - सुनसरी भन्सार कार्यालय
९.शाखा अधिकृत मित्रराज शर्मा - राजविराज भन्सार कार्यालय
१०. शाखा अधिकृत प्रदिप गजुरेल - सिराहा भन्सार कार्यालय
११. शाखा अधिकृत कूल राज ज्ञवाली - जलेश्वर भन्सार कार्यालय
१२. शाखा अधिकृत शूर्य प्रसाद सेढाई – सर्लाही भन्सार कार्यालय
१३. शाखा अधिकृत राजेन्द्र प्रसाद गौतम - गौर भन्सार कार्यालय
१४. शाखा अधिकृत दिलीप केसी - कोइलावास भन्सार कार्यालय
१५. शाखा अधिकृत नीरद रेग्मी - राजापुर भन्सार कार्यालय
१६. शाखा अधिकृत केदार प्रसाद कोईराला - कैलाली भन्सार कार्यालय
१७. शाखा अधिकृत देवी प्रसाद भण्डारी - कञ्चनपुर भन्सार कार्यालय
१८. शाखा अधिकृत ईश्वर व्यञ्जनकार - महाकाली भन्सार कार्यालय

व्यक्तित्व परिचय

# पूर्व महानिर्देशक माधव प्रसाद घिमिरे

श्री माधवप्रसाद घिमिरे करीव चार वर्ष भन्सार विभागमा सेवा गर्नु भएको थियो। २०२८ सालमा शाखा अधिकृतमा प्रवेश गरी लामो समय अर्थमन्त्रालयमा काम गर्नु भएका घिमिरेले २०३७ देखी २०४१ सालसम्म वासिंगटन स्थित विश्व बैकमा सेवा गर्नु भयो। बैदेशिक सहायता महाशाखाको सहसचिब (२०५१-०५५), भन्सार बिभागको उपमहानिर्देशक र महानिर्देशक (२०५५-०५९) भै काम गर्नु भयो र २०५९ सालमा बिशिष्ट श्रेणीमा बढुवा हुनु भयो। महालेखा नियन्त्रक, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिब र क्षेत्रीय प्रशासक पदमा काम गरी २०६० साल पौषमा उमेरको हदबाट अबकास लिनु भएको हो।

श्री घिमिरेले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा एम.ए., बेलायतको युनिभर्सिटी अफ वेल्सबाट फाईनान्सियल इकोनोमिक्समा मास्टर्स डिग्री गर्नु भएको छ। हामीले यस अंकमा श्री घिमिरेसंगको अन्तरवार्ता प्रस्तुत गरेका छौं।

**१. भन्सार विभागको महानिर्देशक पदमा कति बर्ष कार्यरत रहनु भयो?**

उत्तरः २०५८ साल बैशाख देखी २०५९ साल जेठ सम्म महानिर्देशक भै काम गर्ने मौका पाए। त्यो भन्दा अघि भन्सार बिभागमा नै २०५५ साल असोज देखी उप महानिर्देशक भई काम गरें।



श्री माधवप्रसाद घिमिरे

**२. विभागमा रहदा यँहाको अनुभव र स्मरणीय क्षणहरु वताईदिनु हुन्छकी?**

उत्तरः राजस्व बिभागमा काम नगरेको हुँदा सुरुमा काम बुझ्न समय लाग्यो। सहयोगी कर्मचारी साथीहरुबाट सिक्ने मौका पाँए। भन्सार कार्यलयहरुको निरीक्षण गरे र आत्मबिश्वास बढयो। अनुभबी महानिर्देशक श्री बंशीधर घिमिरेज्यूको पनि अत्यन्त सहयोग रहयो। भन्सारको काम कारबाहीमा एकरुपता रहोस भन्ने उद्देश्यले निर्देशिका तयार गरियो र परिपत्रहरुको सङ्कलन गरी पुस्तकका रुपमा प्रकाशित गरियो। यो काम कारबाही पारदर्शी बनाउने सानो प्रयास थियो। ASYCUDA लागू गर्न बिदेशी बिशेषज्ञ आईसक्नु भएको थियो, काम भने अगाडि बढन सकेको थिएन। नयाँ प्रबिधि भएकोले त्यसमा अभ्यस्त गराउन कम्प्युटर सम्बन्धी तालिममा जोड दिईयो र करिब ३०० जती कर्मचारीलाई ASYCUDA र कम्प्युटरमा अभ्यास गराइयो। कर्मचारीको धारणामा परिवर्तन गर्न तालिम अत्यन्त उपयोगि रह्यो र ASYCUDA लागु गर्न सजिलो भयो। ASYCUDA लागु गर्नु पर्ने उद्देश्यहरु मध्ये एउटा उद्देश्य छिटोछरितो तरिकाले भन्सार राजस्व, आयात निर्यातको स्थिति, भन्सार छुटाउन लागेको समय आदि सूचनाहरु प्राप्त गरी त्यसलाई परिष्कृत र विश्लेषणगर्नु र निश्कर्षको आधारमा नीति, कार्यबिधि, भन्सार संगठन, कर्मचारीको शिप र तालिममा परिबर्तन गर्न सुझाव दिनु भन्सारमा बिश्लेषण पक्ष कमजोर लाग्यो। यो पक्ष बलियो बनाउन म महानिर्देशक हुंदा कम्प्युटर अपरेटरको दरबन्दी सिर्जना गरियो र त्यसको जिम्मा एक निर्देशकलाई दिइयो र यस शाखालाई उपर्युक्त विश्लेषणको कामको जिम्मा दिने मनसाय राखिएको हो। म अन्यत्र सरुवा भै गएकोले आफैले सो काम हेर्न अनुकूल भने परेन। ASYCUDA लागु गर्ने सिलसिलामा नयाँ प्रज्ञापनपत्र तयार गरियो र त्यसको व्यवहारिक पक्ष परिक्षण गर्नका लागि बीरगन्ज भन्सार उपयुक्त ठानियो। पुरानो र नयाँ प्रज्ञापन पत्र भर्ने कुरा लिएर बखेडा भयो र भन्सार एजेन्ट र ब्यापारीहरुले २ दिन सम्म हडताल गरे। बिभागमा सबैसंग छलफल भयो र ASYCUDA तालिम दिने भनी सहमति भयो। यसमा सरकारले गर्न आँटेको कामका बारेमा स्पष्ट रुपमा जानकारी गराउन नसकेको परिणाम त्यो मनोमालिन्य रहेछ भन्ने बुझियो।

**३. सेबा निबृत्त समय कसरी ब्यतित गर्दै हुनुहुन्छ?**

उत्तर : सेबा निबृत्त भएपछि परामर्श सेवामासंलग्न छु। अहिले Foreign Aid and Economic Development भन्ने बिषयमा कलेजमा अध्यापन गर्दैछु।

**४. बर्तमान भन्सार प्रशासनलाई कसरी मूल्याङ्कन गर्नु हुन्छ? यसलाई युगानुकूल सुधार गर्न केही सुझाव दिनु हुन्छ कि?**

उत्तर : अहिले म सोझै संलग्न नभएकोले यसै भन्न गाह्रो होला। राजस्व बढाउनु प्रमुख जिम्मेवारी हो। तर यो मात्र पर्याप्त हुदैन। समग्रै रुपमा हेर्दा सूचनाको राम्रोसंग ब्यबस्थापन गर्नु र त्यसबाट निकालिएको निष्कर्षलाई नीति र कार्यबिधिमा रुपान्तरण गर्नु ठूलो चुनौति छ। तालिमले प्रमुखता पाउनु पर्दछ। यसले कर्मचारीको शिपलाई चम्किलो र नयाँ चूनौतीको सामना गर्न सक्षम बनाउँदछ।

"आत्मविश्वास र अन्धविश्वास एक अर्का का प्रतिस्पर्धी हुन। जब आत्मविश्वास हराउँछ तव उच्चारण हुन्छ "हे भगवान" तर यसको अर्थ आत्मविश्वास भएको मानिस नास्तिक हुन्छ भन्ने चाही होइन। आत्मविश्वास भएको मानिसको कर्म नै भगवान हुन्छ।" अज्ञात

कार्यालय परिचय

# नेपालगञ्ज भन्सार कार्यालय

नेपालगञ्ज भन्सार कार्यालय नेपाल भारत सीमाबाट ८०० मि.उत्तरतर्फ तथा बाँके सदरमुकामबाट ४ कि.मि. दक्षिणमा भेरी अञ्चलको बाँके जिल्ला अन्तर्गत जैसपुर गा.वि.स. वडा नं. ७ को २-६-१ विगाहा जग्गामा अवस्थित छ। तत्कालिन प्रधानमन्त्री मोहन शम्शेरले भारतसंग गरेको वाणिज्य सन्धी अनुसार प्रचलनमा रहेको आन्तरिक भन्सारहरु खारेज भई सिमा क्षेत्रमा रहेका बजारअड्डाले भन्सार कार्यालय को रुपमा कार्य गर्न थालेका




थिए। वि.सं. २०१३ सालमा तराईका सवै बजार अड्डालाई नेपाल भारत सीमामा रहेका भन्सार कार्यालयमा परिणत गरियो। नेपालगञ्ज भन्सार कार्यालय पनि वि.सं.२००८ मा बजारअड्डाको रुपमा हालको नगरपालिकाको वडा कार्यालय रहेको टांगा स्टेशन नजिकको घरमा स्थापना भई पछि जैसपुर गा.वि.स. वडा नं.७ मा नेपालगञ्ज भन्सारकार्यालयको रुपमा खडा भएको थियो। राजस्व असुलीको दृष्टिकोणले भन्सार कार्यालयहरुमा सातौं स्थानमा रहेको यस कार्यालयबाट भारतबाट पैठारी हुने मुख्य वस्तुहरुमा वाईक, हल्का सवारी साधन, पेट्रोलियम पदार्थ, तोरी, क्लीङ्कर, सिमेन्ट, कोईला, सुतीकपडा, मोटरपार्टस् पर्दछन्। तेश्रो मुलुकबाट पैठारी हुने मुख्य वस्तुहरुमा तामाका तथा आल्मोनियमका टुका, प्लाष्टिक ग्रेनुयल्स आदि रहेका छन् । भारत निकासी हुनेमा कत्था, खयरकच्छ, राईसब्रान, अदुवा, सुठो, जडिवुटी, आल्मोनियमका भाँडा, ढुङ्गा गिट्टी आदि रहेका छन्। तेश्रो मुलुक निकासी हुने मुख्य वस्तु जटामासिमार्क, रिठ्ठा आदि रहेका छन्।

यस कार्यालय अन्तरगत ७ वटा छोटी कार्यालयहरु मध्ये आफ्नो सञ्चालन खर्च उठाउन सक्ने अवस्थाको एउटा मात्र रहेको छ। सुरक्षा समेतको कारणले सवै छोटीहरु हाल बन्द रहेका छन्। कार्यालय सीमाक्षेत्रवाट केही टाढा रहेको कारण अवैध व्यापार नियन्त्रण गर्न कठिन भएको र अन्य प्राविधिक कारणले हालकोस्थानबाट सीमाक्षेत्रको जमुनाहामा स्थानान्तरण आवश्यक महसुस भएकोले ५-२-९ विगाहा जग्गा खरिद कार्य भईसकेको र स्थान्तरणको लागि पहल हुनुपर्ने देखिन्छ।

मध्यपश्चिमाञ्चलका जनताहरुको वन तथा कृषि उत्पादनको निकासीको बिन्दु भएकाले त्यहाँका जनताहरु यस कार्यालयबाट ज्यादै लाभान्वित हुन सकेका छन्। यस्तै गरी भारतको उत्तर प्रदेशको महत्वपूर्ण शहर लखनउ, कानपुर जस्ता औद्योगिक नगरको पायक पर्ने भएकाले सोको लाभ उठाउन सकिने हुँदा यसको महत्व झन बढेको पाईन्छ। यसरी कृषि तथा औद्योगिक उपजमा बृद्धि सगै कार्यालयको महत्व बृद्धि हुने देखिन्छ।

| छोटी कार्यालयहरु | दरवन्दी विवरण |
|---|---|
| १. सुईया वधौडा | राजपत्रांकित द्वितीय श्रेणी – १ |
| २. नरैनापुर | राजपत्रांकित तृतीय श्रेणी – १ |
| ३. भगवानपुर | राजपत्र अनंकित प्रथम श्रेणी – ३ |
| ४. खचैडा | राजपत्र अनंकित द्वितीय श्रेणी –१७ |
| ५. भंगोटना | राजपत्र अनंकित तृतीय श्रेणी – ६ |
| ६. साईगाँउ | ह.स.चा. – १ |
| ७. उढरापुर | कार्यालय सहयोगी – १९ |

**here 's no art to find the mind's construction in the face.”Shakespeare**

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्स:४२५९८०